गंगादेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा
२०७३
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
सुचना नं : ०३

## सहकारी संस्थाहरूलाई अनिवार्य COPOMIS प्रणालिमा आवद्द हुने सम्बन्धी सूचना

*प्रकाशित मितिः २०८१/०५/१८ (ने.सं. ११४४ गुंलागा आमै)*

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत कार्यक्षेत्र भएका सहकारी संस्थाहरूले सहकारी विभाग, नयाँ वानेश्वरवाट सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS software) मा आबद्ध भई User Id र Password लिएका संस्थाले समष्टिगत विवरण पेश गर्ने र लिन बाँकी संस्थाले सो प्रणालीमा आवद्धताको लागि आवश्यक पर्ने तपसिल बमोजिमका विवरणहरू यो सूचना जारी भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा उपलब्ध गराउनु हुन अनुरोध छ । अन्यथा COPOMIS प्रणालीमा विवरण प्रविष्ट गर्ने कार्यमा बाधापुग्ने भएकोले प्रचलित सहकारी ऐन र नियमावली बमोजिम कारवाही भईजाने साथै पालिका बाट सहकारीलाई कुनै पनि सिफारिस प्राप्त नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

<u>तपसिल</u>

१. संस्था दर्ता प्रमाणपत्र र पान (PAN) कार्ड

२. विनियम संशोधित विनियम भएमा संशोधन सहित

३. पछिल्लो साधारण सभा र लेखापरीक्षण प्रतिवेदनको विवरण

४. आ.व. २०७८ २०७९ को कर चुक्ताको प्रमाणपत्र

५. टेलिफोन नम्बर, मोबाइल नम्बर र सम्पर्क व्यक्ति अध्यक्ष र व्यवस्थापक

६. संस्थाको आधिकारिक सम्पर्क नं., ईमेल र बैक खाताको विवरण सहितको User ID र Password उपलब्ध गराइदिने सम्बन्धी पत्र

**सम्पर्क व्यक्तिः** *तिलक केसी (सूचना प्रविधि अधिकृत) ९८५७८७७०४२*

...........................
कुल बहादुर योगी
नि.प्रमुख प्रशासकिय अधिकृत